प्रदेश सरकार
आर्थिक मामिला तथा योजना मन्त्रालय
प्रदेश लेखा नियन्त्रक कार्यालय
प्रदेश नं. ३
हेटौंडा, मकवानपुर

☎०५७-५२१८०७

प.सं.: २०७५।०७६
च.नं.: ५५०

मिति: २०७६ १ २४

**विषय: राजस्व सम्वन्धमा ।**

श्री प्रदेश नं. ३ का स्थानीय तहहरु (११९सवै)

उपरोक्त सम्वन्धमा नेपाल सरकार (अर्थमन्त्री स्तर) को मिति २०७५।०३।३१ को निर्णयानुसार स्वीकृत प्रदेश तथा स्थानीय तहको विभाज्य कोषका सम्बन्धमा तयार गरिएको कार्यविधि २०७५ ( उक्त कार्यविधि महालेखा नियन्त्रक कार्यालयको वेवसाइड www.fcgo.gov.np मा उपलब्ध छ ।) को दफा ४ स्थानीय तह आफैले संकलन गरी बाँडफाँड गर्नुपर्ने राजस्वको हकमा देहाय बमोजिम व्यवस्था रहेको छ:

- मनोरञ्जन कर, विज्ञापन कर र ढुंगा, गिटीको बिक्री बापतको राजस्व स्थानीय तहले संकलन गरी प्रदेश र स्थानीय तहबीच बाँडफाँड हुने ।
- स्थानीय तहले संकलन गरी बाँडफाँड गर्नुपर्ने राजस्व संकलन गर्ने प्रयोजनको लागि स्थानीय तहको कारोबार गर्ने बैंकमा ग-४ समूहको बाँडफाँड हुने राजस्व संकलन गर्ने खाता खोल्ने ।
- बाँडफाँड हुने राजस्व संकलन गर्ने खातामा जम्मा भएको रकम मासिक रुपमा ६० प्रतिशत स्थानीय तहको संचित कोषमा र बाँकी ४० प्रतिशत प्रदेशको संचित कोषमा ट्रान्सफर गरिदिने ।
- स्थानीय तहले संकलन गरेको यस्तो राजस्वको विवरण प्राप्त गरी प्रदेश तहले ट्रान्सफर गर्नुपर्ने रकममा हिसाब मिलान गर्न समेत सकिने ।
- संकलन भएको तथा बाँडफाँट गरिएको राजस्वको विवरण स्थानीय तहले मासिक रुपमा सम्बन्धित प्रदेशलाई दिनुपर्ने ।

माथि उल्लेख भए बमोजिम खोलिएको विभाज्य कोष खाताको विवरण उपलब्ध गराउन हुन र मनोरञ्जन कर, विज्ञापन कर र ढुंगा, गिटीको बिक्री बापतको राजस्वको ४० प्रतिशतले हुन आउने राजस्व रकम प्रदेश लेखा नियन्त्रक कार्यालयको नाममा रहेको नेपाल राष्ट्र बैंक शाखा कार्यालय वीरगञ्जको खाता नं. १७००२०१-००२-००२-५२४ मा जम्मा गरी आर्थिक मामिला तथा योजना मन्त्रालय, प्रदेश नं. ३, हेटौडा, मकवानपुर र यस कार्यालयलाई समेत जानकारी गराउन हुन वा उक्त रकमको चेक प्रदेश लेखा नियन्त्रक कार्यालय प्रदेश नं. ३, हेटौंडाको नाममा उपलब्ध गराई सहयोग गरि दिनु हुन अनुरोध छ ।

नोट: शशर्त अनुदान, विशेष अनुदान, समपुरक अनुदान र समानीकरण अनुदानको प्रगति विवरण र खर्चको विवरण समेत उपलब्ध गराई बजेट निकाशा गर्ने कार्यमा सहयोगको लागि अनुरोध छ ।

(हरि प्रसाद उपाध्याय)
प्रदेश लेखा नियन्त्रक

**बोधार्थ:**

श्री आर्थिक मामिला तथा योजना मन्त्रालय, प्रदेश नं.३, हेटौडा, मकवानपुर ।

Email: ptco.makwanpur@gmail.com